सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
उच्च शिक्षा महाशाखा
धनगढी, कैलाली, नेपाल

वेवसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com
: mosdheducation@gmail.com

प.सं. २०८०/०८१
च.नं.

मिति : २०८०।०८।०५

विषयः- MBBS अध्ययन छात्रवृत्तिका लागि आवेदन पेश गर्ने सम्बन्धी १५ दिने सूचना ।

चिकित्सा शिक्षा आयोगबाट शैक्षिक सत्र २०८०।८१ का लागि सञ्चालित MBBS प्रवेश परीक्षा उत्तीर्ण गरेका र सुदूरपश्चिम प्रदेशमा स्थायी बसोबास भएका विद्यार्थीहरुका लागि एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ (तेस्रो संशोधन सहित) बमोजिम देहायको खुला तथा समावेशी कोटा अनुसार MBBS अध्ययन छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम रहेकोले इच्छुक विद्यार्थीहरुले तपसिलमा उल्लेखित कागजात सहित मिति २०८०।०८।२० गते कार्यालय समयभित्र निर्देशिकाको अनुसूची ४ बमोजिम आवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| कार्यक्रमको नाम | खुला तर्फको सीट संख्या | समावेशी समुह र सीट संख्या | | | |
|---|---|---|---|---|---|
| | | महिला | दलित | थारु /राना थारु | आर्थिक रुपले विपन्न खसआर्य |
| MBBS अध्ययन छात्रवृत्ति | ५ | १ | १ | १ | १ |

गोपाल दत्त जोशी
शाखा अधिकृत

आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु:

१ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

२ कक्षा १० र १२ को ट्रान्सक्रिप्ट/ ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि,

३ कक्षा ८, १० र १२ अध्ययन गरेको विद्यालय सामुदायिक वा संस्थागत (सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, निजी विद्यालय) भएको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा/ शाखाको सक्कलै सिफारिस पत्र,

४ CTEVT बाट सम्बन्धन प्राप्त वा आंगिक प्राविधिक शिक्षालयबाट तीनबर्षे डिप्लोमा उत्तिर्ण गर्नेको हकमा डिप्लोमा उत्तीर्ण मार्कसिट वा ग्रेडसिटका साथै निजले पूर्ण छात्रवृत्ति वा सःशुल्क अध्ययन गरेको व्यहोरा खुल्ने सम्बन्धित शिक्षण संस्था/ निकायको सक्कलै सिफारिस पत्र ।

५ समावेशी तर्फ आवेदन दिने दलित,थारु/राना थारु समुदायको विद्यार्थीको हकमा निज दलित,थारु/राना थारु समुदायको विद्यार्थी हो भन्ने व्यहोरा पुष्ट्याँई हुने सम्बन्धित स्थानीय तहको सक्कलै सिफारिस पत्र,

६ समावेशी तर्फ आवेदन दिने आर्थिक रुपले विपन्न खसआर्य विद्यार्थीको हकमा निज आर्थिक रुपले विपन्न खसआर्य समुदायको विद्यार्थी हो भनि पुष्ट्याँई हुने आधिकारिक निकायबाट जारी गरिएको परिचय पत्रको प्रतिलिपि ।

७ चिकित्सा शिक्षा आयोगबाट सञ्चालित MBBS प्रवेश परिक्षामा विद्यार्थीले प्राप्त गरेको Score र Rank खुल्ने प्रमाण,

८ आवेदकको आफ्नो खाता भएको बैंकको नाम, ठेगाना र खाता नम्वर स्पष्ट देखिने गरी चेकबुकको भित्रि पानाको प्रतिलिपि ।

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
उच्च शिक्षा महाशाखा
धनगढी, कैलाली, नेपाल

वेवसाइट : mosd.p7.gov.np
ईमेल: mosdeducation077@gmail.com
: mosdkailali07@gmail.com
: mosdheducation@gmail.com

थप जानकारी

क) आवेदन पेश गर्नु पर्ने स्थान, मिति, समय

स्थानः सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली ।

मितिः २०८०।०८।०६ गते देखि २०८०।०८।२० गते

समयः आवेदन दिने अन्तिम दिनको कार्यालय समयभित्र ।

ख) छात्रवृत्ति वितरण सम्बन्धी थप जानकारी मन्त्रालयको वेवसाईट mosd.p7.gov.np मा रहेको एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ (तेस्रो संशोधन सहित) बाट प्राप्त गर्न सकिनेछ। आवेदकले पेश गर्नु पर्ने सक्कल कागजात बाहेक अन्य प्रतिलिपिहरु स्वयंले "सक्कल बमोजिम नक्कल ठिक छ" भनि प्रमाणित गरेको हुनुपर्नेछ ।

ग) छात्रवृत्ति रकम र कोटाः नेपाल सरकार चिकित्सा शिक्षा आयोगले MBBS अध्ययन गर्न निर्धारण गरेको जम्मा शिक्षण शुल्क बराबर र खुला र समावेशी गरी बढीमा नौ जनालाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

घ) खुला तथा समावेशी दुवै तर्फ आवेदन दिने आवेदकले खुला र समावेशी समुह खुलाइ छुट्टा छुट्टै आवेदन दिनु पर्नेछ ।

ङ) MBBS अध्ययन छात्रवृत्तिका लागि छनौटका आधारहरु अनुसूची -९ बमोजिम हुनेछन् ।

च) माथि उल्लेखित सम्पुर्ण कागजातहरु पेश भएको हुनु पर्नेछ,

छ) रित नपुगेका, म्याद नाघी आएका, व्यहोरा स्पस्ट नदेखिने, नखुल्ने आवेदन र कागजात उपर कुनै कारवाही हुनेछैन ।

शाखा अधिकृत